आकाशवाणी

8th of Nov 2025

आजका मुख्य समाचारहरुबाट

- प्रधानमन्त्री मोदीद्वारा आज चार नयाँ वन्दे भारत एक्सप्रेस रेलगाडीहरूको शुभारम्भ
- प्रधानमन्त्री मोदीद्वारा कानूनी सहायता सुदृढीकरण विषयक राष्ट्रिय सम्मेलनको उद्घाटन
- शहरीकरण विकसित भारतको मार्ग रहेको मन्त्री मनोहरलालको भनाई
- भगवान बुद्धका पवित्र अवशेष भूटानमा 11 दिनका लागि सार्वजनिक प्रदर्शनमा
- बिहारको समस्तीपुरमा निर्वाचन अधिकारी निलम्बित, ईभीएमसम्बन्धी लापरवाहीमा कारबाही

समाचार विस्तारमा

प्रधानमन्त्री मोदीद्वारा चार नयाँ वन्दे भारत एक्सप्रेस रेलगाडीहरूको शुभारम्भ

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको वाराणसीबाट चार नयाँ वन्दे भारत एक्सप्रेस रेलगाडीहरूलाई हरियो झण्डा देखाएर रवाना गर्नुभयो। उहाँले वाराणसी रेल्वे स्टेशनबाट बनारस–खजुराहो वन्दे भारत रेलगाडीलाई प्रत्यक्ष रूपमा र अन्य तीन गाडीहरूलाई भर्चुअल माध्यमबाट शुभारम्भ गर्नुभयो। यस अवसरमा प्रधानमन्त्री मोदीले भन्नुभयो की, यी वन्दे भारत रेलगाडीहरूले संपर्क सुदृढ गर्ने,

नागरिकहरूलाई थप सुविधा प्रदान गर्ने र यात्रामा समय घटाउनेछन्। उहाँका अनुसार यी रेलगाडीहरूले क्षेत्रीय गतिशीलता बढाउने, पर्यटनलाई प्रवर्द्धन गर्ने र आर्थिक गतिविधि विस्तारमा सहयोग पुऱ्याउनेछन्।

कार्यक्रममा केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णव र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ पनि उपस्थित रहेको थियो।

**प्रधानमन्त्री मोदीद्वारा कानूनी सहायता सुदृढीकरण विषयक राष्ट्रिय सम्मेलनको उद्घाटन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीस्थित भारतको सर्वोच्च अदालतमा आयोजित "कानूनी सहायता वितरण प्रणाली सुदृढीकरण विषयक राष्ट्रिय सम्मेलन"को उद्घाटन गर्नुभयो। यस अवसरमा उहाँले राष्ट्रिय कानूनी सेवा प्राधिकरण (NALSA)द्वारा तयार गरिएको "सामुदायिक मध्यस्थता तालिम मोड्युल" पनि सार्वजनिक गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भन्नुभयो कि सामाजिक न्याय त्यतिखेर मात्र सम्भव हुन्छ जब न्याय समाजका हरेक वर्गसम्म, चाहे उनीहरूको सामाजिक वा आर्थिक अवस्था जस्तोसुकै होस्, समान रूपमा पुग्छ। उहाँले कानूनी कागजातहरूलाई स्थानीय भाषामा उपलब्ध गराउनुपर्ने आवश्यकतामा जोड दिनुभयो। प्रधानमन्त्रीका अनुसार पछिल्ला केही वर्षमा सरकारले न्याय प्राप्तिको सहजता बढाउने उद्देश्यले अनेक कदमहरू चालेको छ। प्रधानमन्त्री मोदीले थप भन्नुभयो कि कानूनी सचेतना अभिवृद्धि गर्नु सरकारको प्रमुख प्राथमिकतामध्ये एक हो।

## राष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मु अफ्रिकाको अंगोला र बोत्स्वानाको भ्रमणका लागि आज प्रस्थान गर्नुभएको छ। उहाँ आज राति अंगोला पुग्ने कार्यक्रम रहेको छ। यो भ्रमण कुनै पनि भारतीय राष्ट्राध्यक्षको यी दुई अफ्रिकी देशहरूमा पहिलो भ्रमण हो।

आज देखि 13 नोभेम्बरसम्म चल्ने यस भ्रमणका क्रममा द्विपक्षीय सम्बन्धहरूको समीक्षा र नयाँ सहयोगका सम्भावनाहरूबारे छलफल हुने अपेक्षा गरिएको छ। भ्रमणका मुख्य विषयहरू जस्तै व्यापार, रक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा जनस्तरमा आपसी सम्बन्ध सुदृढीकरण समावेश छन्।त्यसैगरी, 'प्रोजेक्ट चीता' अन्तर्गत भारत र बोत्स्वानाबीचको सहयोगको प्रगति पनि यस भ्रमणको एजेन्डामा रहेको छ।

## प्रधानमन्त्री मोदीले भोलि देहरादूनमा, 8 हजार करोडभन्दा बढीका विकास परियोजनाहरूको शुभारम्भ गर्ने

प्रधानमन्त्री नरेन्द्र मोदी भोलि देहरादून पुगेर उत्तराखण्ड राज्य स्थापना दिवसको रजत जयन्ती समारोहमा सहभागी हुनुहुने छ। यस अवसरमा उहाँले एक स्मारक हुलाक टिकट जारी गर्नुहुनेछ र समारोहलाई सम्बोधन गर्नुहुनेछ। आफ्नो भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले करिब 930 करोड रुपैयाँ लागतका परियोजनाहरूको उद्घाटन र 7 हजार 200 सय करोड रुपैयाँभन्दा बढी लागतका योजनाहरूको शिलान्यास गर्नुहुनेछ। साथै, उहाँले 8 हजार करोड रुपैयाँभन्दा बढी लागतका नयाँ विकास परियोजनाहरूको शुभारम्भ पनि गर्नुहुनेछ। यी योजनाहरूले पेयजल, सिँचाइ, प्राविधिक शिक्षा, ऊर्जा, शहरी विकास, खेलकुद र सीप विकास जस्ता क्षेत्रमा सुविधा विस्तार गर्नेछन्। उद्घाटनका प्रमुख परियोजनाहरूमा अटल मिशन

(AMRUT) अन्तर्गत देहरादूनका 23 क्षेत्रमा जल आपूर्ति योजना, पिथौरागढमा बिजुली सब–स्टेसन, सरकारी भवनहरूमा सौर्य ऊर्जा संयन्त्र र नैनीतालको हल्द्वानी स्टेडियममा एस्ट्रोटर्फ हकी मैदान समावेश छन्।

**शहरीकरण विकसित भारतको मार्ग रहेको मन्त्री मनोहरलालको भनाई**

आवास तथा शहरी कार्य मन्त्री मनोहरलालले भन्नुभयो कि शहरीकरण विकसित भारतको बाटो हो। उहाँले भारतको शहरी रूपान्तरण नागरिक–केन्द्रित, समावेशी र दिगो हुनुपर्नेमा जोड दिनुभयो।

श्री मनोहरलालले नयाँ दिल्लीमा सुरु भएको राष्ट्रिय शहरी सम्मेलन 2025 को उद्घाटन सत्रलाई सम्बोधन गर्दै विगत दशकको तुलनामा शहरी लगानीमा तीव्र वृद्धि भएको बताउनुभयो। उहाँका अनुसार यो प्रगति स्वच्छ, स्वस्थ र समृद्ध शहर निर्माण गर्ने भारत सरकारको प्रतिबद्धता दर्शाउँछ। उहाँले कार्यक्रममा केही महत्वपूर्ण पहलहरूको शुभारम्भ गर्नुभयो, जसमा 'अमृत गान–जल नै जीवन', 'डम्प–साइट उपचार त्वरक कार्यक्रम', र राज्य तथा शहरी निकायहरूको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय शहरी कार्य संस्थानमा स्थापना गरिएको ज्ञान व्यवस्थापन इकाइ प्रमुख छन्। त्यसैगरी, उहाँले 'अर्बन इन्भेस्टमेन्ट विन्डो' नामक नयाँ प्लेटफर्मको पनि शुभारम्भ गर्नुभयो, जुन शहरी पूर्वाधार परियोजनामा लगानी सहज बनाउनका लागि डिजाइन गरिएको हो।

## भगवान बुद्धका पवित्र अवशेष भूटानमा 11 दिनका लागि सार्वजनिक प्रदर्शनमा

भगवान बुद्धका पवित्र अवशेषहरू लिएर एक भारतीय प्रतिनिधिमण्डल आज भूटान पुगेको छ। यो प्रतिनिधिमण्डलको नेतृत्व भारतका सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले गर्नुभएको हो। प्रतिनिधिमण्डल भारतीय वायु सेनाको विमानमार्फत भूटान पुगेको हो।

यी पवित्र अवशेषहरूलाई थिम्फुमा 11 दिनसम्म सार्वजनिक प्रदर्शनका लागि राखिनेछ। अवशेषहरू नयाँ दिल्लीस्थित राष्ट्रिय संग्रहालयबाट ल्याइएका हुन्। भारतको संस्कृति मन्त्रालयका अनुसार भगवान बुद्धका पवित्र अवशेषहरूको यो प्रदर्शन *थिम्फुमा आयोजना गरिएको 'वैश्विक शान्ति प्रार्थना महोत्सवको एक महत्वपूर्ण भाग हो।

## बिहारको समस्तीपुरमा निर्वाचन अधिकारी निलम्बित, ईभीएमसम्बन्धी लापरवाहीमा कारबाही

भारतको निर्वाचन आयोगले बिहारको समस्तीपुर विधानसभा क्षेत्रका एक सहायक निर्वाचन अधिकारीलाई कर्तव्यमा लापरवाही गरेको आरोपमा निलम्बन गरेको छ। यो कारबाही ईभीएम (Electronic Voting Machine) बाट केही भीवीप्याट (VVPAT) पर्चीहरू बाहिर फालिएको घटनापछि गरिएको हो। मुख्य निर्वाचन आयुक्तले यस घटनालाई गम्भीर रूपमा लिएर तत्काल छानबिनको आदेश दिनुभएको छ। घटनासँग सम्बन्धित एक भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि आयोगले तुरुन्तै कारबाही अघि बढाएको हो। यस मामिलामा प्राथमिकी (FIR) समेत दर्ता गरिएको जनाइएको छ।